कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

TAKSAR
PIKHUWA KHOLA HYDROPOWER LIMITED

# टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड
# Taksar Pikhuwa khola Hydropower Ltd.

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२२, खिचापोखरी, काठमाण्डौं, फोन नं. ०१-५३२१७७७
इमेल: taksarpikhuwahpp2017@gmail.com वेवसाइट: www.tpkhp.com.np

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना

टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेडले जारी पूँजी रु.१,२०,००,००,०००/- को ३५.२६% अर्थात रु.४२,३०,६६,८००/- रकम बराबरको रु.१००/- अंकित दरका कुल ४२,३०,६६८ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.१२,००,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका १२,००,००० कित्ता साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका स्थाई बसोबास गर्ने बासिन्दाहरु (भोजपुर जिल्लाको बासिन्दा) को निमित्त, सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.३,०३,०६,७००/- रकम बराबरको रु.१००/- अंकित दरका ३,०३,०६७ कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात रु.१,५१,५३,३००/- रकम बराबरको रु.१००/- अंकित दरका १,५१,५३३ कित्ता शेयरहरु सामूहिक लगानी कोषका योजनाहरुको लागि र सार्वजनिक निष्काशन गरिने शेयरको २ प्रतिशत अर्थात रु.६०,६१,३००/- रकम बराबरको रु.१००/- अंकित दरका ६०,६१३ कित्ता शेयर कर्मचारीहरुको लागि बाँडफाँड गरी बाँकी रहेको २५,१५,४५५ कित्ता साधारण शेयरहरु मिति २०८३ बैशाख २३ गतेदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८३ बैशाख २८ गते (बैकिङ्ग समय पश्चात)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८३ बैशाख २८ गते (बैकिङ्ग समय पश्चात)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिन पाउने न्यूनतम कित्ता: १० | दरखास्त दिन पाउने अधिकतम कित्ता: ५०,००० | दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने |
|---|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

**संक्षिप्त वित्तीय विवरण**

| विवरण | वास्तविक | | | अपरिकृष्ट | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | *आ.व. ०८२/८३ पौष मसान्त | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर आम्दानी रु. | (४.९८) | १९.६६ | (०.७२) | ५.३२ | २.५७ | ७.०५ | ७.२२ |
| प्रति शेयर नेटवर्थ रु. | ८१.८२ | १०१.४५ | १००.७६ | १०६.०८ | १०३.०७ | १०५.१६ | १०७.३८ |
| संचित नाफा नोक्सान (हजारमा) | (१४१,२३४) | ११,५४२ | ५,९२५ | ४७,२४५.१० | ३६,८१३ | ६१,८९७ | ८८,५७३ |

*नोट : *गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो ।*

| आयोजनाको नाम | कुल लागत रकम | प्रति मेगावाट अनुमानित लागत रकम | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि अनुमतीपत्र वहाल रहने अवधि मिति | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | (IRR) |
|---|---|---|---|---|---|---|
| टक्सार पिखुवा खोला जलविद्युत आयोजना (८ मे.वा.) | रु.१ अर्ब ८८.२१ करोड | रु.२३ करोड ५३ लाख | २०७३/०३/०३ देखि २१०८/०३/०२ गतेसम्म रहेकोले २५ वर्ष ४ महिना बाँकी रहेको छ। | ९.१७ वर्ष | १८.३७ वर्ष | १०.२८% |

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठकमण्डौंबाट इस्यूवर रेटिङ्ग गराई "CARE-NP BB + (Is) [Double B plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ। CARE-NP BB+ (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ। केयर नेपाल लिमिटेडले CARE - NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ। यसको अर्थ CARE-NP BB(Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) पृष्ठ नम्बर ४८ मा उल्लेख गरिएको छ।**

**रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०२६ जनवरी २७** — **रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०२७ जनवरी २२**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Ltd.)

**प्रभु क्यापिटल लिमिटेड**
रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

**मिति २०८३ बैशाख २८ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गरिने ।**